# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


## प्रेस विज्ञप्ती

### घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको सार्वजनिक निष्काशन सम्बन्धमा

हिमालयन क्यापिटल लि. र नबिल इन्भेष्टमेन्ट बैंकिंग लि.को संयुक्त निष्काशन तथा बिक्री प्रबन्धकत्वमा घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडले सर्वसाधारणको लागि मिति २०८०।०२।३२ देखि २०८०।०३।०४ गतेसम्म धितोपत्रको सार्वजनिक निष्काशन खुला गरेकोमा सर्वसाधारण लगानीकर्ताहरुको हित संरक्षणलाई मध्यनजर गर्दै उक्त सार्वजनिक निष्काशनमा देखिएका केही बिषयहरु उपर जाँचबुझ गर्न उक्त कम्पनीको सार्वजनिक निष्काशनको सम्पूर्ण प्रक्रिया मिति २०८०।०३।०४ को निर्णयानुसार स्थगित गरिएको थियो । घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको उल्लेखित बिषयहरु उपर अध्ययन गर्न जाँचबुझ समिति गठन भई जाँचबुझ समितिको प्रतिवेदनको आधारमा देहाय बमोजिम निर्णय भएको छ ।

१) केही लगानकर्ताहरुले बैंक खातामा पर्याप्त मात्रामा रकम नहुँदा नहुँदै सर्वसाधारण लगानीकर्ताहरुलाई भ्रमित पार्ने उद्देश्यले अस्वाभाविक रुपमा ठूलो कित्ता शेयर खरिद गर्न आवेदन दिएकोमा उक्त आवेदकहरु निष्काशनकर्ता कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकको संचालक र कर्मचारीहरुसँग कुनै सम्बन्ध नदेखिएको तर उल्लेखित आवेदककरुले सर्वसाधारणहरुलाई भ्रमित पार्ने उद्देश्यले आवेदन गरेको देखिएकोले जालसाजी सम्बन्धमा नेपाल प्रहरी समक्ष थप छानविनको लागि सिफारिस गर्ने,

२) निष्काशन तथा बिक्री प्रबन्धकले माग भन्दा बढी कित्ता शेयर खरिदको लागि आवेदन परेको अवस्थामा समेत समयावधि थप गर्न सूचना प्रकाशित गरेको हुँदा सो सम्बन्धमा समेत थप छानविन गर्ने,

३) आस्वा सदस्य एनआइसी एशिया बैंक लिमिटेडले आवेदकको खातामा पर्याप्त रकम नभई आवेदन स्वीकृत गरेकोमा खातामा पर्याप्त रकम नहुँदा नहुँदै के कसरी आवेदनहरु स्वीकृत भएको हो सो सम्बन्धमा थप छानविन गरी आवश्यक कारवाही अगाडी बढाउने,

४) सार्वजनिक निष्काशनमा निवेदन दिने आवेदक (लगानीकर्ता), आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र निष्काशन तथा बिक्री प्रबन्धकको कामकारवाही शेयर निष्काशनकर्ता कम्पनीको कामकारवाही भन्दा भिन्न रहेको र आवेदक लगानीकर्ताहरुको निष्काशनकर्ता कम्पनीसँग प्रत्यक्ष संलग्नता भएको नदेखिएको अवस्थामा कम्पनीको सार्वजनिक निष्काशन स्थगित भएको कारणबाट आवेदन गरेका सर्वसाधारणहरुको करिब ३ अर्ब ६१ करोड रकम

होल्ड भएको तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा उद्योग प्रभावित क्षेत्रका स्थानीयलाई निष्काशन गरेको शेयर बाँडफाँड भई २९ करोड ४६ लाख ७८ हजार दुई सय पचास रुपैया कम्पनीको खातामा रकमान्तर भैसेकेको र आ.ब. २०७९।८० समेत समाप्त हुन लागेको कुरालाई मध्यनजर गरी बुँदा नं. १, २ र ३ मा उल्लेखित बिषयमा छानविन कार्य अगाडी बढाउने गरी हाललाई देहाय बमोजिम स्थगन भएको निष्काशन खुला गर्ने ।

क) घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको सार्वजनिक निष्काशनका लागि सि आस्वा प्रणालीमा दर्ता भएका आवेदनहरुको हकमा आवेदन गरेको शेयर कित्ता थपघट गर्न वा आवेदन फिर्ता/खारेज गर्न सक्ने व्यवस्था गर्ने,

ख) आवेदन फिर्ता वा थपघट गर्न निष्काशन तथा बिक्री प्रबन्धकले सूचना प्रकाशित गरेको मितिले तीन दिनको समय दिने,

ग) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १० को उपनियम (२) मा उपनियम (१) बमोजिमको अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले त्यस्तो दरखास्त खुला भएको मितिले बढीमा पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुला राख्न सक्नेछ भन्ने व्यवस्था रहेको हुँदा थप गरिएको तीन दिनको समयावधि भित्र माग गरिएको सम्पूर्ण धितोपत्र बिक्री नभएमा मिति २०८०।०२।३२ देखि २०८०।०३।०४ सम्म ५ दिन निष्काशन खुला भइसकेको सन्दर्भमा आवेदन संशोधनको लागि थप गरिएको ३ दिनको समय पश्चात बढीमा थप ७ दिन निष्काशन खुला राख्न सकिने व्यवस्था गर्ने,

प्रवक्ता

मिति २०८०।०३।२०